आज मिति २०७९ साल फागुन ५ गते तदनुसार ( February 17, 2023) शुक्रबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

आमन्त्रित उपस्थिति: हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष

२.श्री विपिन कार्की, सूचना प्रविधि अधिकृत

३.श्री जीवराज राई, कार्यालय सहयोगी

४. श्री शम्भु कुमार गौतम, शिक्षा शाखा प्रतिनिधि

२०७९ फागुन ५ गते तदनुसार February 17, 2023 शुक्रबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. पशु स्वास्थ्य तालिम (७ दिने) सञ्चालन सम्बन्धमा ।
२. गाउँशिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
३. राहत उपलब्ध गराउने सम्बन्धमा ।
४. सामुदायिक विद्यालयहरुको अन्तिम लेखा परीक्षणको लागि लेखा परीक्षक छनोट सम्बन्धमा ।
५. आर्थिक सहायता सम्बन्धमा ।
६. शिक्षण सिकाई अनुदान कार्यक्रम सम्बन्धमा ।
७. एक महिने संगीत कक्षा सञ्चालन सम्बन्धमा ।
८. बैकल्पिक उर्जा अन्तरगत प्राप्त बजेट बाँडफाँड सम्बन्धमा ।

## २०७९ साल फागुन ५ गते शुक्रबारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकाको गाउँसभाबाट विनियोजन भएको बजेट तथा कार्यक्रम पशु स्वास्थ्य तालिम (७ दिने) शीर्षकबाट फागुन १० गते बुधबारदेखी सञ्चालन हुने कार्यक्रम तालिका तथा प्रस्तावना पत्र पेश हुन आएको हुँदा सो प्रस्तावनालाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२: (क) मानेभन्ज्याङ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७९/११/०४ गते बसेको बैठकको प्रस्ताव नं. २ अतिरिक्त क्रियाकलाप बजेट व्यवस्थापन सम्बन्धमा समितिबाट भएको निर्णय गाउँपालिकाबाट विनियोजन भएको शैक्षिक संस्थाहरुलाई सहायता शीर्षकबाट जम्मा रु.१ लाख अतिरिक्त क्रियाकलाप अन्तरगत खर्च गर्ने गरी भएको निर्णयलाई अनुमोदन/स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(ख) त्यस्तै सोही मितिको गाउँ शिक्षा समितिको निर्णय नं. ३ मा भएको निर्णय : मिति २०७७/०९/२४ गते बसेको कार्यापालिका बैठकबाट यसै गाउँपालिकाको वडा नं. ३ को श्री सानोजुरे आ.वि. सानोजुरेमा २ वटा दरबन्दी रहेको र सो दरबन्दी मध्ये १ वटा दरबन्दी मानेभन्ज्याङ गाउँपालिकामा पुलमा राखी श्री जनकल्याण आ.वि. कोल्बोटेमा कामकाज गर्ने गरी शिक्षक व्यवस्थापन गर्ने निर्णय भएता पनि हालसम्म शिक्षक व्यवस्थापन नगरिएको देखिएकाले साथै श्री सानोजुरे आ.वि., सानोजुरेलाई शिक्षक आवश्यक रहेकोले सो दरबन्दीलाई पुनः श्री सानोजुरे आ.वि. सानोजुरेलाई नै फिर्ता गर्ने निर्णयलाई अनुमोदन/ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३. यस गाउँपालिकाको वडा नं. ८ मा मिति २०७९/१०/१९ गते र वडा नं. ५ मा मिति २०७९/१०/२४ मा आगलागी भइ तपसिल अनुसारको व्यक्तिहरुको घर तथा गोठ र मेशिनरी सामानहरु पूर्ण रुपमा क्षति भएको हुँदा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट तपसिल अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | राहत पाउने व्यक्तिको नाम थर | वडा नं. | राहत रकम | क्षतिको प्रकार |
|---|---|---|---|---|
| १ | श्री टेक बहादुर राई | ८ | रु.१५ हजार | पूर्ण रुपमा घर क्षति |
| २ | श्री हर्क बहादुर राई | ८ | रु.१५ हजार | पूर्ण रुपमा घर क्षति |
| ३ | श्री रण बहादुर आले मगर | ५ | रु.१५ हजार | गोठ तथा काठको क्षति |
| ४ | श्री तुलसी राई | ५ | रु.१५ हजार | कम्प्युटर तथा मेशिनरी सामान |

निर्णय नं.४. यस पालिकाको सामुदायिक विद्यालयहरुको आ.व.२०७८/७९ को अन्तिम लेखा परीक्षण गर्नको लागि यस गाउँपालिकाबाट मिति २०७९/०९/११ मा आवश्यक कागजात सहित निवेदन पेश गर्ने सूचना प्रकाशन भएकोमा २७ वटा प्राप्त निवेदनहरु उपर कार्वाही तथा अध्ययन गर्दा तपसिल अनुसारको फर्म तथा कम्पनी छनौट गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | फर्म तथा कम्पनी | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | डी.भुसाल एण्ड एसोसियट्स | शंखमूल काठमाडौं | |

CamScanner

| | | | |
|---|---|---|---|
| २ | वि.वि. भट्टराई एण्ड एसोसियट्स | भक्तपुर | |
| ३ | माधव कोईराला एण्ड एसोसियट्स | नवलपरासी | |
| ४ | खिलानाथ भट्टराई एण्ड एसोसियट्स | झापा | |
| ५ | हरिकुमार राजभण्डारी | ओखलढुङ्गा | |
| ६ | सीताराम सिग्देल एण्ड एसोसियट्स | काठमाडौं | |
| ७ | आर.पि. ढकाल एण्ड कम्पनी | विराटनगर | |
| ८ | एच.पि.आचार्य एण्ड एसोसियट्स | विराटनगर | |
| ९ | के एण्ड एसोसियट्स | काठमाडौं | |

निर्णय नं.५: यस गाउँपालिका वडा नं. ४ निवासी श्री तारा विश्वकर्मा (साविक केत्तुके-२) लाई सेल रोटी पकाउने क्रममा तेलले पोलेर सख्त घाईते भइ मिसन अस्पतालमा उपचाररत रहनु भएको हुँदा निजलाई यस गाउँपालिकाको **आर्थिक सहायता** शीर्षकबाट रु.१० हजार (दश हजार) मात्र रकम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६. यस गाउँपालिकाको गाउँसभाबाट **शिक्षण सिकाइ अनुदान कार्यक्रम** अन्तरगत जुन जनु विद्यालयलाई बजेट विनियोजन भएको हो सोही विद्यालयको बैंकखातामा वडाको सिफारिस तथा विद्यालयको निवदेनका आधारमा रकम जम्मा गरिदिने निर्णय गरियो ।

निर्णय नं.७.गाउँपालिकास्थित सबै निमावि र मा.वि.का विद्यार्थीहरुलाई एक महिने संगीत कक्षा मिति २०७९/११/०६ गतेदेखी सञ्चालन गर्ने निर्णय गरियो । साथै संगीत कक्षा सञ्चालनको लागि आवश्यक संगीत सामग्रीहरु खरिद तथा प्रशिक्षकको सेवा सुविधाको लागि **शैक्षिक अतिरिक्त क्रियाकलाप प्रशिक्षण कार्यक्रम** शीर्षकबाट बजेट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.८. यस मानेभन्ज्याङ गाउँपालिकालाई सशर्त अनुदानमा वैकल्पिक उर्जा अन्तरगत रु. ८ लाख प्राप्त भएको हुँदा सो बजेटको तपसिल अनुसार सामग्री खरिद गरी वितरण तथा कार्यक्रम गर्ने निर्णय गरियो ।

तपसिल:

क. मर्मत तथा बिक्री केन्द्र रु.२ लाख ५० हजार

ख. Infrared चुलो खरिद रु. ५ लाख

ग. अनुगमन तथा व्यवस्थापन खर्च ५० हजार

आज मिति २०७९ साल फागुन २३ गते तदनुसार ( March 7, 2023) मंगलबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु वहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

आमन्त्रित उपस्थिति: हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष

२.श्री टेक प्रसाद बास्तोला, ८ नं. वडा कार्यवाहक वडाध्यक्ष

३.श्री विपिन कार्की, सूचना प्रविधि अधिकृत

४.श्री शम्भुकुमार गौतम, शिक्षा शाखा

५. श्री दिलकुमार मगर, कार्यालय सहयोगी

CamScanner

२०७९ फागुन २३ गते तदनुसार March 7, 2023 मंगलबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. एम्बुलेन्स खरीद प्रक्रिया सम्बन्धमा ।
२. भलिबल प्रतियोगितामा सहभागी खेलाडीको खर्च सम्बन्धमा ।
३. गाउँपालिका स्थापना दिवश मनाउने सम्बन्धमा ।
४. टोल विकास संस्था सम्बन्धी कार्यविधि तयारी तथा पारित सम्बन्धमा ।
५. योजना तथा कार्यक्रम सम्झौता तथा फरफारक मिति तोक्ने सम्बन्धमा ।

## २०७९ साल फागुन २३ गते मंगलबारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस गाउँपालिकाको लागि एम्बुलेन्स खरिद गर्ने गरी आघिल्लो आ.व.बाट नै प्रक्रिया अगाडि बढेको तर बजेटको कमी भएको कारण रोकिएको हुँदा हाल दोस्रो गाउँसभाको १२ औं अधिवेशनबाट आवश्यक बजेट विनियोजन भइसकेकोले यथा शिघ्र नीति सम्मत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२ यसै जिल्लाको चम्पादेवी गाउँपालिकामा सञ्चालन भएको अध्यक्ष कप भलिबल प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी भएका खेलाडीहरुको यातायात, जर्सी तथा खाजा खानाको खर्च **कार्यक्रम खर्च** शीर्षकबाट रु.१ लाख १५ हजार मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.३. नेपालको संविधान २०७२ को धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था अनुसार नेपाल सरकार मन्त्रीपरिषदको २०७३ फागुन २२ गतेको स्थानीय तह पुन:संरचना सम्बन्धी निर्णय फागुन २७ मा राजपत्रमा प्रकाशित भएपछि स्थानीय तहको व्यवस्था लागू भएर गाउँपालिका तथा नगरपालिकाहरुको स्थापना भएको उपलक्ष्यमा यस गाउँपालिकाले यहीं फागुन २७ गते छैठौं गाउँपालिका स्थापना दिवस तपसिल अनुसारको कार्यक्रमहरु गरी मनाउने निर्णय गरियो :

तपसिल:

क. जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता: यस गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो । सो कार्यक्रमको लागि व्यवस्थापन गर्न संयोजक श्री राम कुमार राई, वडाध्यक्ष, सदस्य श्री युवराज नेपाली, सदस्य श्री विपिन कार्की, ।

ख. उत्कृष्ट कर्मचारी सम्मान: एक/एक जना उत्कृष्ट महिला तथा पुरुष कर्मचारी छनौट गरी सम्मान पत्र तथा रु.१०/१० हजार नगद पुरस्कार सहित पुरष्कृत गर्ने निर्णय गरियो ।

ग. पूर्व जनप्रतिनिधिहरुलाई सम्मान: सम्मान पत्र तथा दोसल्ला ।

निर्णय नं.४. स्थानीय विकास प्रक्रियामा टोंल तथा बस्ती स्तरवाट नै नागरिक संहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक भएकोले यस गाउँपालिकामा पनि <u>टोल विकास संस्था(गठन तथा सञ्चालन) कार्यविधि</u> तयारी गरी कार्यान्वयन गर्नको लागि आगामी कार्यपालिका बैठकमा पेश गर्न मस्यौदा तयारीको लागि विधायन समितिलाई जिम्मेवारी दिने र पारित गर्ने निर्णय गरियो । नोट: कार्यविधि अध्ययनको लागि सम्बन्धित सदस्य ज्यूहरुको मेलमा उपलब्ध गराउने ।

निर्णय नं.५: यस आ.व. २०७९/८० मा सञ्चालन हुने योजनाहरुको सम्बन्धमा छलफल गर्दा आगामी चैत्र मसान्तसम्म योजना सम्झौता गरी सक्ने र जेठ मसान्तसम्म फरफारक गरी सक्ने गरी सम्बन्धित वडा तथा उपभोक्ता समितिहरुलाई परिपत्र तथा सूचना गर्ने निर्णय गरियो ।

CamScanner